बैठक संख्या: ९/२०८१/०८२
बैठक मिति: २०८१/१२/२९
समय: बिहान ८:०० बजेदेखि
स्थान: सुनछहरी गाउँपालिका, बैठक कक्ष ।

सुनछहरी गाउँपालिका अध्यक्ष श्री धनबहादुर पुन मगर ज्यूको अध्यक्षतामा र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति बिबरण:**

| क्र.स. | नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | धनबहादुर पुन मगर | अध्यक्ष | | |
| २. | ननकला घर्ती | उपाध्यक्ष | | |
| ३. | अमरजित पुनमगर | ६ नं वडाध्यक्ष | | प्रवक्ता |
| ४. | धनीमान रोका | १ नं. वडा अध्यक्ष | | |
| ५. | कृष्ण बहादुर बुढा. | २ नं वडा अध्यक्ष | | |
| ६. | उड्बीर घर्तीमगर | ३ नं वडा अध्यक्ष | | |
| ७. | हर्कराम बुढामगर | ४ नं वडा अध्यक्ष | | |
| ८. | देविलाल रोका मगर | ५ नं वडा अध्यक्ष | | |
| ९. | राज बहादुर रोकामगर | ७ नं वडा अध्यक्ष | | |
| १०. | निरमला पुन | म. सदस्य | | |
| ११. | अनिषा विष्ट | म. सदस्य | | |
| १२. | वाना राना मगर | म. सदस्य | | |
| १३. | दिपा घर्ती मगर | म. सदस्य | | |
| १४. | मन बहादुर वि.क | द. सदस्य | | |
| १५. | पूर्ण गोतामे | द. सदस्य | | |
| १६. | प्रेम बहादुर घर्ती | सदस्य- सचिव | | |

**अन्य उपस्थिति:**

| क्र स | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | दया बहादुर बुढा मगर | सहायक पाँचौ | | |
| २ | मनिस सुनार | लेखापाल | | |
| ३ | कालु पुन | का.स. | | |
| ४ | जमान पुन मगर | का.स. | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सुनछहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोवाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## नवौं कार्यपालिका बैठकका कार्यसूचीहरु:

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा।
२. आ.व. २०८२/८३ को बजेट निर्माण कार्यतालिका सम्बन्धमा।
३. आ.व. २०८२/८३ का लागि प्रदेश समपुरक योजना छनौट सम्धमा।
४. आ.व. २०८२/८३ का लागि प्रदेश विशेष छनौट सम्धमा।
५. बेरुजु फछ्र्यौट तथा योजनाहरुको समयमै भुक्तानी सम्बन्धमा।
६. राष्ट्रिय परिचयपत्र लाई अनिवार्य गर्ने सम्बन्धमा।
७. मकैबाली पर्वद्धन कार्यक्रम कार्यान्वयन सम्बन्धमा।
८. अल्पसंख्यक समुदायको लागि तालिम को छनौट सम्बन्धमा।
९. आरन तालिमको लागि प्रशिक्षक छनौट सम्बन्धमा।
१०. जानकी निर्माण सेवालाई भुक्तानी सम्बन्धमा।
११. झोलुङ्गे पुल परामर्शदाताको सम्झौता नविकरण सम्बन्धमा।
१२. CTEVT कार्यक्रम संचालन अनुदान सम्बन्धमा।
१३. एम्बुलेन्स चालक को विदा स्वीकृति सम्बन्धमा।
१४. द्वन्द्धपिडित महिलाहरुलाई बुनाइ मेसिन प्रदान गर्ने सम्बन्धमा।
१५. सर्वोच्च अदालतको म्याद तामेली सम्बन्धमा।
१६. कृषि तथा पशुमा आधारित साना किसान व्यावसायिक विकास परियोजना सम्बन्धमा।
१७. विविध सम्बन्धमा।

निर्णयहरु:

| निर्णय क्रम संख्या | निर्णयको ब्यहोरा | निर्णय कार्यन्वयनमा जिम्मेवार शाखा/ निकाय/पक्षहरु | कै. |
|---|---|---|---|
| १ | मिति २०८१।१२।१२ गते ८ औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यन्दयनको अवस्थामा समीक्षा गरियो | प्रमुख प्रशासकीय अधिकृत | |
| २ | आगामी आ.व. २०८२/८३ को बजेट निर्माण तपसिल बमोजिमको कार्यतालिका अनुसार गर्ने। | प्रमुख प्रकासकीय अधिकृत | |

| क्र स | बजेट निर्माण सम्बन्धी क्रियाकलाप | सयमसीमा | कैफियत |
|---|---|---|---|
| १ | शाखा प्रमुख र वडा सचिवहरु सँग छलफल बैठक | २०८२ वैशाष मसान्तभित्र | आ.व. २०८२/८३ को लागि आवश्यकता र प्राथामिकता सम्बन्धी छलफल। |
| २ | गै.स.सं. सं. सँगको छलफल बैठक | २०८२ जेष्ठ १० गतेभित्र | आ.व. २०८२/८३ को लागि गै.स.सं. हरुको बजेट सम्बन्धमा छलफल र निर्णय। |
| ३ | राजश्व परामर्श समितिको बैठक | २०८२ जेष्ठ १५ गतेभित्र | राजस्वको दर, दायरा र स्रोतसहितको आ.व. २०८२/८३ कुल राजस्व अनुमान गर्ने। |
| ४ | स्रोत अनुमान तथा सीमा निर्धारण समितिको बैठक | २०८२ जेष्ठ २० गतेभित्र | आ.व. २०८२/८३ कुल बजेट सीमा अनुमान गरी शाखा तथा वडाहरुलाई बजेट सीमा उपलब्ध गराउने। |
| ५ | वडा समितिको बैठक | २०८२ जेष्ठ २३ गतेभित्र | बस्तीस्तरका योजना छनौटका लागि निर्णय |
| ६ | बस्ती स्तरमा योजना छनौट बैठक | २०८२ जेष्ठ ३० गतेभित्र | टोल तथा बस्तीस्तरका योजना छनौट |
| ७ | वडा समितिको बैठक | २०८२ असार २ गतेभित्र | टोल तथा बस्तीस्तरका छनौट योजना तथा वडागत चालु खर्च सहित पाएको सीमा बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने। |
| ८ | विषयगत समितिहरुको बैठक | २०८२ असार ४ गतेभित्र | शाखागत रुपमा प्राप्त सीमा बमोजिम कार्यक्रम प्रस्ताव गरी कार्यक्रम तथा बजेट तर्जुमा समितिमा पेश गर्ने |
| ९ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | २०८२ असार ५ गते | वडा तथा शाखागत रुपमा पेश भएका योजना तथा कार्यक्रमहरुको अन्तिम रुप दिने। दोहोरोपना पर्न नदिने। |

| | | | |
|---|---|---|---|
| १० | स्रोत अनुमान तथा सीमा निर्धारण समितिको बैठक | २०८२ असार [illegible] | आ.व. २०८२/८३ कुल बजेट सीमा अनुमोदन |
| ११ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | २०८२ असार ६ गते | नीति तथा कार्यक्रम र बजेट वक्तव्यलाई अन्तिम रुप दिने। |
| १२ | गाउँ कार्यपालिकाको बैठक | २०८२ असार ७ गते | सभामा पेश गर्ने नीति तथा कार्यक्रम र बजेट वक्तव्यलाई पारित गर्ने |
| १३ | गाउँसभाको १८ अधिवेशनको पहिलो बैठक | २०८२ असार ८ गते | नीति तथा कार्यक्रम सभामा पेश, छलफल र निर्णयार्थ पेश गरी पारित गर्ने।<br>नीति तथा कार्यक्रम पारित पश्चात सभामा बजेट वक्तव्य पेश गर्ने |
| १४ | वडा समिति र विषयगत समितिहरुको बैठक | २०८२ असार २५ गते भित्र | सभामा पेश भएको बजेट वडा र विषयगत समितिहरुमा छलफल |
| १५ | गाउँ कार्यपालिकाको बैठक | २०८२ असार २६ गते | वडा तथा विषयगत समितिबाट आएका सुझावहरु समेटि आगामी आ.व. को बजेट सभामा पेश गर्न पारित गर्ने। |
| १६ | गाउँसभाको १८ अधिवेशनको दोस्रो बैठक | २०८२ असार २७ गते | बजेट पारित गर्ने |
| १७ | बजेट अख्तियारी | २०८२ असार ३१ गते | प्रमुख प्रशासकीय अधिकृत लाई गा.पा. अध्यक्षले खर्च अख्तियार प्रदान गर्ने। साथै प्र.प्र.अ. ले शाखा प्रमुख र वडा सचिवहरुले साउन १५ भित्र अख्तियारी दिने। |
| १८ | बजेट पुस्तिका प्रकाशन | २०८२ साउन मसान्तभित्र | नीति तथा कार्यक्रम, बजेट वक्तव्य र अन्य आवश्य विद्येयक हरु समेटि बजेट पुस्तिका प्रकाशन गर्ने |

| | | | |
|---|---|---|---|
| ३ | आगामी आ.व. २०८२/८३ का लागि लुम्बिनी प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि २०७८ दोस्रो संशोधन २०८१ बमोजिम तपसिल बमोजिमका आयोजनाहरु छनौट गरी प्रस्ताव पेश गर्ने:<br>क. पन्ध्रपले फुर्से सिरुवाङ् बाघतारे सडक निर्माण आयोजना सुनछहरी ७ रु. २ करोड<br>ख. जुवाङ कसला जैमा सड्क निर्माण आयोजना सुनछहरी ५ रु. २ करोड | योजना शाखा | |
| ४ | आगामी आ.व. २०८२/८३ का लागि लुम्बिनी प्रदेश विशेष अनुदान कार्यविधि २०७६ दोस्रो संशोधन २०८१ बमोजिम तपसिल बमोजिमका आयोजनाहरु छनौट गरी प्रस्ताव पेश गर्ने:<br>क. जनसेवा मावि चारकोठे भवन निर्माण आयोजना सुनछहरी वडा नं. १ सेरम रु ४० लाख<br>ख. चौवारी कुइकाधारा आवि भवन निर्माण आयोजना सुनछहरी वडा नं. ३ बाहिरीगाम रु. ४० लाख | योजना शाखा | |
| ५ | आ.व. २०८०/८१ को असुल उपर बेरुजुका सम्बन्धमा असुल उपर गर्न लेखा शाखाले पत्राचार गर्न निर्देशन दिने। साथै चालु आव संचालित आयोजनाहरुको समयमै भुक्तानीका लागि समन्वय गर्ने। | आर्थिक प्रशासन शाखा | |
| ६ | सुनछहरी गाउँपालिका भित्रका सबै नागरिकहरुका लागि राष्ट्रिय परिचयपत्र बनाउन समन्वय गर्ने। | गाउँकार्यपालिका | |
| ७ | मकै पर्वद्धन कार्यक्रममा खर्च नभइ बाँकि रहेको बजेट सुनछहरी गाउँपालिका वडा नं ७ जेलवाङमा कार्यान्वयन गर्ने। | कृषि विकास शाखा | |
| ८ | उद्यम विकास शाखा मार्फत कार्यान्वयन हुने प्रदेश विशेष अनुदान अन्तर्गतको अल्पसंख्यक(थकाली) समुदायका लागि होमस्टे तालिम संचालन गर्ने। | उद्यम विकास शाखा | |
| ९ | उद्यम विकास शाखा मार्फत कार्यान्वयन हुने प्रदेश विशेष अनुदान अन्तर्गतको दलित समुदायका लागि आरन तालिमको लागि प्राप्त आवेदन मध्ये सुनछहरी गाउँपालिका वडा नं. ७ निवासी प्रेम विकलाई प्रशिक्षक छनौट गर्ने। | उद्यम विकास शाखा | |
| १० | बाच्छेखोला- झंकि सड्कमा नेपाली सेनाले सड्क विस्तारका लागि ब्लास्टिङ् गर्दा उक्त स्थानमा खाना व्यवस्थापन लगायत अन्य व्यवस्थापन जानकी निर्माण सेवाले गरेको रकम रु. जानकि निर्माण सेवालाई भुक्तानी दिने। | आर्थिक प्रशासन शाखा | |
| ११ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत गैर सरकारी संस्थाको तर्फबाट झोलुङ्गे पुल निर्माणको लागि प्राविधिक तथा सामाजिक संगठनात्मक सहयोग उपलब्ध गराउन मिति २०७८ मंसिर २ गते सुनछहरी गाउँपालिका र मल्लरानी ग्रामीण विकास सरोकार केन्द्र प्युठान बीच ३ वर्षका लागि सम्झौता भएको र उक्त सम्झौता अवधि सकिएकोले सम्झौता ३ वर्षका लागि नविकरण गर्ने। | प्राविधिक शाखा | |
| १२ | संघीय सशर्त अनुदान अन्तर्गत CTEVT कार्यक्रम संचालन अनुदान का लागि प्राप्त बजेट रु. ७००,००० श्री रोल्वाङ् मावि जेलवाङ् लाई आवश्यक कागजात पेश गर्न लगाई भुक्तानी दिने। | शिक्षा/ लेखा शाखा | |
| १३ | सुनछहरी गाउँपालिका मार्फत संचालित एम्बुलेन्स चालक दुर्घटनामा परी घाइते भइ विदामा बस्नु परेको र निजले पाउनुपर्नेभन्दा बढि विदा भएकोले निजको विदा स्वीकृत गर्ने। | प्रशासन शाखा | |
| १४ | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा मार्फत संचालन भइरहेको दन्द्धपिडित महिलाहरुका लागि बुनाइ तालिम संचालन भइरहेको र उक्त तालिममा सहभागीका लागि बुनाइ मेसिन कार्यालयले निशुल्क रुपमा उपलब्ध गराउने। | महिला बालबालिका शाखा | |
| १५ | फागुन १ गते सुनछहरी गाउँपालिकाभर विदा दिएको सम्बन्धमा सर्वोच्च अदालतमा मुद्दा परेकोले म्याद तामेलीको लागि गाउँपालिका अध्यक्ष धन बहादुर पुनमगर लाई जिम्मा दिने। | गाउँपालिका अध्यक्ष | |

| | | | |
|---|---|---|---|
| १६ | यस सुनछहरी गाउँपालिका मा कृषि तथा पशुमा आधारित साना किसान व्यवसायिक विकास परियोजना कार्यक्रम गाउँपालिका र हेफर नेपालसँग सम्झौता भएकोमा आगामी २०८२ असार मसान्तमा सम्झौता अवधि सकिने भएकोले नविकरण गर्ने नगर्ने सम्बन्धमा आगामी बैठकमा निर्णय गर्ने । | | |
| १७ | विविध सम्बन्धमा देहायबमोजिमका निर्णयहरु गर्ने: | | |
| क. | गाउँपालिका कार्यालय र अन्तर्गतका कार्यालयहरु महत्वपूर्ण निवेदन तथा निर्णयहरुमा हुलाक टिकट अनिवार्य गर्ने । | गाउँपालिका | |
| ख. | मिति २०८१ असोज १२ देखि १४ गतेसम्म पूर्व अर्थमन्त्री माननीय वर्षमान पुनको नेतृत्वमा सम्पन्न जलजला पदयात्रा को क्रममा ओखरेनीमा बास बस्दा लगायत जलजला पुग्दासम्मको सम्पूर्ण व्यवस्थापन पर्यटन प्रवद्धन तथा गेमी होमस्टे संस्थाले व्यवस्थापन गरेको र उक्त व्यवस्थापन गर्दा खर्च भएको रु. ३८१९८० अक्षेरुपी तीनलाख एकासी हजार नौसय असिमात्र कागजात तथा बिल भरपाइ सहित पेश भएकोमा विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च र विविध खर्च शिर्षकबाट सम्बन्धित होमस्टेलाई नै भुक्तानी दिने । | आर्थिक प्रशासन शाखा | |
| ग. | नेपार सरकार संस्कृति मन्त्रालयबाट अभौतिक संस्कृति सूचिकृतिको लागि वडागत रुपमा समन्वय गर्ने । | वडा कार्यालय सबै | |
| घ. | इलाका प्रहरी कार्यालय सुलिचौर का लागि इन्टरनेटको रकम भुक्तानी गर्ने | आर्थिक प्रशासन शाखा | |
| ङ. | स्थानीय विषयको मगरखाम भाषाको पाठ्यपुस्तको अन्तिम प्रतिवेदन छलफल आगामी वैशाष ५ गते गर्ने । | शिक्षा युवा तथा खेलकुद शाखा | |
| च. | अन्तर स्थानीय तह भ्रमण आगामी वैशाष ६ गते देखि गर्ने । | गाउँपालिका | |
| छ. | जेलवाङ मठडाडाँ सेरबास सड्क निर्माण योजना मेसिन प्रयोग नगरी उपभोक्ता समिति मार्फत गर्ने । | गाउँपालिका | |
| ज. | सेरमखोला मोटर पुल वडा नं १ र टाँसिवाङ् खोला मोटर वडा नं ६ यथाशिघ्र अघि बढाउन पूर्वाधार विकास कार्यालयलाई पत्राचार गर्ने। | गाउँपालिका | |